# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०२।२८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सिरहा, नवराजपुर गाउँपालिका वडा नं. २ मझौरामा प्रदेश नं.२ सरकारको सांसद अनुदानबाट राम जानकी दलित आधारभूत विद्यालय मझौरामा अधुरो कार्य पूरा गर्नको लागि दिएको रकमको योजनामा कुनै पनि कार्य नगरी सम्पूर्ण रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०७७/०७८ मा जिल्ला सिरहा, नवराजपुर गाउँपालिका वडा नं. २ स्थित रामजानकी दलित आधारभूत विद्यालय मझौराको अपुरो कार्य पूरा गर्ने योजनामा विद्यालय भवनको काम नै नगरी/नगराई नभए नगरेको कामलाई भए गरेको भनी नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ताको बिलमा चढाई झुट्टा मूल्याङ्कन गरी भुक्तानीको लागि स्वीकृत गरी/गराई, फिल्डमा नभए नगरेको कार्यलाई भएको भनी देखाई रु.१४,५१,५५१।- (चौध लाख एकाउन्न हजार पाँच सय एकाउन्न रुपैयाँ) भुक्तानी लिई/दिई गाउँपालिकालाई हानिनोक्सानी पुऱ्याउने बद्नियतले उपभोक्ता समितिलाई भुक्तानी दिने/लिने कार्य गरे/गराएबाट भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा उल्लिखित भ्रष्टाचार कसुरमा संलग्न देहायका प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय र बिगो बमोजिमको जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहायः**

| सि. नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नवराजपुर गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकिय अधिकृत **अमरेन्द्र कुसियैत**, लेखापाल **सोम प्रसाद आचार्य**, इन्जिनियर **कृष्णा साह** र सव-इन्जिनियर **सन्तोष कुमार यादव** | रु.१४,५१,५५१।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर भएको हुँदा निजहरुलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय हुन साथै निजहरु अमरेन्द्र कुसियैत, कृष्णा साह र संतोष कुमार यादवले नभए नगरेको कामको समेत भए गरेको भन्ने गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन दिएको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) |

| | | | |
|---|---|---|---|
| | | | बमोजिमको कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| २. | उपभोक्ता समितिका अध्यक्ष **लक्ष्मीनारायण मुखिया,** कोषाध्यक्ष **घुरनी देवी मण्डल** र सचिव **रामभरोस मुखिया मलाह** | रु.१४,५१,५५१।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | नवराजपुर गाउँपालिकाका तत्कालीन **अध्यक्ष विश्व मोहन प्रसाद यादव**, उपाध्यक्ष **शोभा कुमारी यादव भन्ने शोभा कुमारी**, तत्कालीन योजना शाखा प्रमुख **रमेश कुमार निधि**, तत्कालीन जिन्सी प्रमुख **संजय प्रसाद यादव**, वडा नं. ४ का वडा अध्यक्ष **मदन यादव** र वडा नं. ५ का तत्कालीन वडा अध्यक्ष **मनोज कुमार यादव** | - | अनुगमन समितिमा रही गलत प्रतिवेदन दिएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा(२) बमोजिमको कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | नवराजपुर गाउँपालिका वडा नं. २ का तत्कालीन **वडा अध्यक्ष खुशिलाल साह** | - | गलत प्रतिवेदनको आधारमा भुक्तानीको लागि सिफारिस गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता

नरहरि घिमिरे